# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर पौडेल आईएमएफ-विश्व बैंक समूहको वार्षिक बैठकमा सहभागी




गभर्नर प्रा.डा. विश्वनाथ पौडेल २०८३ असोज २६ देखि कात्तिक १ गते (१२-१८, अक्टोबर २०२६) सम्म थाइल्याण्डको बैंककमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) र विश्व बैंक समूहको 'वार्षिक बैठक-२०२६' मा सहभागी हुनुभयो ।

उक्त बैठकमा आईएमएफ र समूहका सदस्य राष्ट्रका अर्थमन्त्री, केन्द्रीय बैंकका गभर्नर र वित्त तथा मौद्रिक अधिकारीहरूको सहभागिता थियो । बैठकको क्रममा असोज ३० गते आयोजित प्लेनरी बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभयो । उक्त बैठकमा गभर्नर पौडेल, अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्याय, आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिना, मन्त्रालयका सहसचिव अमृत लम्साल र गभर्नरको कार्यालयका निर्देशक शरणकुमार अधिकारीको उपस्थिति थियो ।

थाइल्याण्डका प्रधानमन्त्री अनुतिन चार्नविराकुलले प्लेनरी बैठकमा उद्घाटन मन्तव्य राख्नुभयो भने बैठकको अध्यक्षता पाराग्वेको केन्द्रीय बैंकका गभर्नर कार्लोस कार्भालो स्पाल्डिङले गर्नुभएको थियो । सो अवसरमा आईएमएफका प्रबन्ध निर्देशक क्रिष्टालिना जर्जिभा र विश्व बैंक समूहका अध्यक्ष अजय बङ्गाले विश्व अर्थतन्त्रको परिदृष्यबारे चर्चा गर्दै



विश्वव्यापी आर्थिक चुनौतीको सामना गर्नका निम्ति आईएमएफ र विश्व बैंकबाट भएका प्रयासबारे जानकारी दिनुभएको थियो ।

बैठकका दौरान अर्थमन्त्री वाग्ले र गभर्नर पौडेलले असोज २८ गते आईएमएफका प्रबन्ध निर्देशक जर्जिभा र उप-प्रबन्ध निर्देशक बो लीसँग भेटवार्ता गर्नुभयो । भेटका अवसरमा उहाँहरुबीच नेपालको वर्तमान आर्थिक तथा राजनीतिक परिस्थिति र र्‍यापिड क्रेडिट फ्यासिलिटी (आरसीएफ) का विषयमा छलफल भएको थियो ।

सोही दिन अर्थमन्त्री वाग्ले र गभर्नर पौडेल '57th Joint Meeting of the IMF-WBG SEAVG Governors' Meeting' मा सहभागी हुनुभयो । उक्त बैठकका क्रममा 'Labor Markets in Asia: Challenges and Opportunities in the AI Era' विषयक कार्यपत्र प्रस्तुत भई एसियाली श्रमबजारमा एआईको प्रभाव, चुनौती र अवसरका विषयमा छलफलसमेत भएको थियो ।

बैठकका क्रममा गभर्नर पौडेलले असोज २८ गते IMF, Asia Pacific Department (APD) का निर्देशक कृष्ण श्रीनिवासनसँग समेत भेटवार्ता गर्नुभएको थियो । त्यस क्रममा उहाँहरुबीच नेपालको वर्तमान आर्थिक तथा वित्तीय स्थितिका विषयमा छलफल भएको थियो ।

बैठकका क्रममा गभर्नर पौडेल असोज ३० गते 'IMFC Introductory Session-Global Development and Prospects' र ३१ गते 'IMFC Plenary Session' मा सहभागी हुनुभयो ।

यसै गरी, कात्तिक १ गते आयोजित '50th SAARCFINANCE Governors' Group Meeting' मा गभर्नर पौडेल र बैंकका प्रतिनिधिहरू समेतको सहभागिता थियो । रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर याङ्चेन सोग्यलले अध्यक्षता गर्नुभएको उक्त बैठकमा नेपाल, भारत, पाकिस्तान, श्रीलङ्काका गभर्नर तथा बङ्गलादेश र माल्दीभ्सका डेपुटी गभर्नरको उपस्थिति थियो ।

बैठकका दौरान गभर्नर पौडेलले आईएमएफसँगै विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिसँग समेत भेटवार्ता गर्नुभएको थियो । हाल विश्व बैंक समूहअन्तर्गत १८९ र अन्तर्राष्ट्रिय मुद्रा कोषमा १९१ राष्ट्रहरू सदस्य छन् ।